# स्थानीय राजपत्र


| मंगलसेन नगरपालिका, अछामद्धारा प्रकाशित | | |
|---|---|---|
| खण्ड १ | संख्या १२ | मितिः २०७४/०७/२७ |


**भाग २**

**मंगलसेन नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) बमोजिमको मंगलसेन नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ ।

सम्वत् २०७४ सालको कार्यविधि संख्या १२

# जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४

१. **परिचय :** जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर भाव्  अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूचीको -८  क्र.सं १६ बमोजिमको कार्य गर्न “जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४” जारी गरिएको छ ।

२. **परिचय-पत्र वितरणका आधार :** नेपालको संविधानको धारा ४१

मा उल्लेख भए बमोजिम जेष्ठ नागरिकको हक, जेष्ठ नागरिक सम्व नियमावली, २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचय-पत्रदिने व्यवस्था लगायत जेष्ठ नागरिक परिचय-पत्र वितरणको आधार हुनेछ ।

३. **उद्देश्य:**

क. जेष्ठ नागरिकको पहिचान गर्ने र स्थानीय तहदेखि नै जेष्ठ नागरिकहरुको लगत राख्ने ।

ख. नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको अधिकार हक सुनिश्चित गर्न र जेष्ठ नागरिकको वर्गिकरण अनुसार सरकारी तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकहरुलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग. प्रचलित ऐन, नियम अनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्यायिक अधिकार र समानता प्रदान गरी नजिहरुमा ज्ञान, सीप क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागि गराउने ।

४. **लक्षित वर्ग:** जेष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका ६० वर्ष उमेर पुरा गरेका सवै न नागरिकहरु ।

५. **जेष्ठ नागरिकको वर्गिकरण:** जेष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १४ को उप नियम-१ बमोजिम जेष्ठ नागरिकहरुको वर्गिकरण देहाय बमोजिम गरिएकोछ ।

क. ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिक

ख. ७० वर्ष उमेर पुगेका बरिष्ठ जेष्ठ नागरिक

ग. असाहाय जेष्ठ नागरिक

घ. अशक्त जेष्ठ नागरिक

६. **परिचय-पत्र वितरणको मापदण्ड:** जेष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ बमोजिम ६० वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

७. **जेष्ठ नागरिक परिचय-पत्रको ढाँचा :** जेष्ठ नागरिक सम्वन्धी

नियमावली २०६५ को अनुसूचि ३ बमोजिमको ढाँचालाई नै आधार मानी जेष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसूचि १ बमोजिमको हुनेछ परिचय पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बरावरको हुनेछ ।

**८. परिचय-पत्र वितरण प्रकृयाः**

क. जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न ६० वर्ष उमेर पुगेको नागरिक जेष्ठ स्वयं वा निजको संरक्षकले मंगलसेन नगरपालिकाको प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

ख. निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाणपत्र लाई आधार मानिनेछ ।

ग. जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी हुनेछ ।

घ. परिचय-पत्र प्राप्त जेष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्यूटराईज्ड गरी यस मंगलसेन नगरपालिकाको कार्यालयमा राखि वार्षिक रुपमा प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराईनेछ ।

ङ. जेष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्वन्धित वडा कार्यालयको सिफारिस सहित यस नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

**९. विविध :**

क. जेष्ठ नागरिक परिचय-पत्र वितरणका लागि आवश्यकता अनुसार यस मंगलसेन नगरपालिकाले थप कार्यविधि निर्माण तथा थपघट गर्न सक्नेछ ।

ख. जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्वन्धमा माथि उल्लेखित व्यवस्था वाहेक प्रचलित कानुनको अधिनमा रही यस मंगलसेन नगरपालिकाको नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसुची-१

मंगलसेन नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

मंगलसेन, अछाम ।

**जेष्ठ नागरिक परिचय-पत्र**

नामथरः-..................................................

ना.प्र.नं.:.................. परिचय-पत्र नं................................

ठेगानाः मंगलसेन न.पा. वडा नं...... टोल, गाउँ, वस्तीः....................

उमेरः..... लिङ्ग....

उपलव्ध छुट तथा सुविधाहरुः.............. पति/पत्निको नाम.............

संरक्षकको नामथर, सम्पर्क ठेगाना, मोवाईल नंः...............................

हेरचाह केन्द्रमा वसेको भए सोको विवरणः......................

**पछाडी राखिने विवरण**

सम्पर्क गर्नु पर्ने व्यक्तिको, नाम, सम्पर्क ठेगाना .............................

क) रक्त समूह, : ......................

ख) रोग भए रोगको नाम र सेवन गरेको औषधिको नाम...........

**प्रमाणित गर्ने अधिकृतको**

दस्तखतः नाम थरः पदः

मिति :

कार्यालयः

कार्यालयको छाप

**प्रमाणीकरण मितिः २०७४/०७/२७**

**आज्ञाले,**
**गणेश प्रसाद जैसी**
**प्रमुख प्रशासकीय अधिकृत**